बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नवलपरासी (बसुप)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:०८१/०८२
च.नं.

**बर्दघाट नगरकार्यपालिकाको कार्यालयको चमेना गृह (क्यान्टिन) सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०८२/१/७**

बर्दघाट नगरकार्यपालिकाको कार्यालयको परिसर भित्र रहेको चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न ईच्छुक नेपाली नागरिक तथा व्यवसायिक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र कार्यालय समयमा रु १,०००/- (अक्षेरुपी एक हजार मात्र) दस्तुर तिरी क्यान्टिन संचालन सम्बन्धी प्रस्ताव फाराम खरिद गरी संलग्न खाना/खानाको परिकार र इकाई अनुसारको बस्तुको तोकिएको दररेट भन्दा नवढ्ने गरी के कति दररेटमा उपलब्ध गराउन सकिन्छ दररेट सहितको सिलवन्दी दर भाउको प्रस्ताव ३१ औं दिनको १२ बजे भित्र कार्यालयको जिन्सी शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। चमेना गृह (क्यान्टिन) संचालन गर्ने सम्बन्धी थप जानकारीका लागी नगरपालिकाको वेव साइट bardaghatmun.gov.np हेर्न वा जिन्सी शाखामा सम्पर्क गर्नुहुन समेत जानकारी गराइन्छ ।

शर्तहरु:

१. खामवन्दी दररेटसाथ फर्म दर्ता प्रमाणपत्र, संचालकको नागरिकता प्रमाणपत्र, कर चुक्ता तथा भ्याट/प्यान दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ । सिलवन्दी खामको बाहिर प्रस्तावदाताले नाम धर, ठेगाना र सम्पर्क नम्वर स्पष्ट उल्लेख गर्नु पर्नेछ। सिलवन्दी प्रस्ताव ३१ दिनको २ बजे खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थिती नभए पनि प्रस्ताव फाराम खोल्न बाधा पर्ने छैन।

२. चमेनागृह भवन प्रयोग गरे वापत मासिक रु ३,००० शुल्क/भाडा तिर्नु पर्ने छ ।

३. बर्दघाट नगरकार्यपालिकाको कार्यालय र क्यान्टिन सञ्चालक बीच सम्झौता गर्नु अघि सञ्चालकले नगरकार्यपालिकाको कार्यालयले तोकिदिए बमोजिम रु. ५०,०००।- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) धरौटी राख्नु पर्नेछ ।

४. पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयमले गर्नु पर्नेछ।

५. चमेनागृहका लागि छुट्टै खानेपानी तथा विद्युत् मिटर जडान हुने र उक्त मिटरमा उठेको वीलको भुक्तानीको दायित्व चमेनागृह सञ्चालकको हुन्छ ।

६ चमेनागृहका लागि आवश्यक पर्ने कुर्सी, टेबल तथा भाडावर्तनको व्यवस्था सञ्चालक स्वयमले गर्नु पर्नेछ।

७. क्यान्टिन संचालकले खाद्य बस्तुको स्वच्छता र सरसफाइ प्रतिको प्रतिवद्धता तथा गुणस्तरीयता कायम गर्नु पर्नेछ । कानूनी अधिकार प्राप्त निकाय र नगरकार्यपालिकाको कार्यालयबाट समय समयमा क्यान्टिनको निरिक्षण

२०८२/१/८
प्रमुख प्रशासकीय अधिकृत

गरिनेछ। निरिक्षण गर्दा चमेनागृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाइ सेवा-प्रवाह सन्तोषजनक नभएको पाइएमा नगरकार्यपालिकाको कार्यालयले निर्णय गरी जुनसुकै बखत हटाउन सक्नेछ।

८. क्यान्टिन संचालनको अवधि मिति २०८३ असार मसान्त सम्मका लागि हुनेछ। नगरकार्यपालिकाको कार्यालयलाई आवश्यक भएमा र क्यान्टिन संचालकको सेवा सन्तोषजनक भएमा आवश्यकता अनुसार क्यान्टिन संचालनको समयावधि थप समेत गर्न सकिन्छ।

९. दर रेट पेश गर्दा सबै आइटममा कार्यालयले तोकेको सिमाभित्र रहेर दर रेट पेश गर्नु पर्नेछ र सबै आइटमको कूल लागतलाई मूल्याँकनको आधार बनाइनेछ । कारण जनाइ वा नजनाइ प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बर्दघाट नगरकार्यपालिकाको कार्यालयमा रहनेछ ।

१०. अन्य कुराहरु सम्झैता बमोजिम हुनेछ ।

११. चमेनागृहबाट उपलब्ध गराउनु पर्ने खाना/खाजाको परिकार इकाई र मुल्यसूची फारममा उल्लेख भए बमोजिम हुने र सो बाहेक आवश्यकता अनुसार बर्दघाट नगरकार्यपालिकाको कार्यालयको स्वीकृती लिई संचालकले खाना/खाजाको परिकार थप गर्न सक्नेछ ।

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## बर्दघाट नगरपालिकाको क्यान्टिन संचालन सम्बन्धी सिलवन्दी दरभाउ पत्र प्रस्ताव फाराम

| सि.नं. | वस्तुको विवरण | प्रति इकाई | लागत मुल्य रु. | प्रस्तावित रकम | |
|---|---|---|---|---|---|
| | | | | अकमा | अक्षरमा |
| १ | दुध चिया | प्रति कप | २० | | |
| २ | कालो चिया | प्रति कप | १३ | | |
| ३ | मिल्क कफी | प्रति कप | ५० | | |
| ४ | ब्ल्याक कफी | प्रति कप | ३० | | |
| ५ | लेमन टी | प्रति कप | १८ | | |
| ६ | हट लेमन विथ हनी | प्रति कप | ६५ | | |
| ७ | भेज खाजा सेट (अचार, चना, भटमास, आलु, चिउरा) | प्रति प्लेट | ८५ | | |
| ८ | चिकेन खाजा सेट (चिकेन, अचार, चना, भटमास, आलु, चिउरा) | प्रति प्लेट | १४० | | |
| ९ | मटन खाजा सेट (मटन, अचार, चना, भटमास, आलु, चिउरा) | प्रति प्लेट | २२५ | | |
| १० | बोयल अन्डा | प्रति गोटा | २३ | | |
| ११ | चाउचाउ फ्राइ | प्रति प्लेट | ५५ | | |
| १२ | चाउचाउ सुप | प्रति प्लेट | ४५ | | |
| १३ | मिक्स तरकारी | प्रति कचौरा | ६० | | |
| १४ | दही | प्रति कप | ४५ | | |
| १५ | दूध | प्रति गिलास | ४० | | |
| १६ | भेज खाना (वासमती /मसिनो/ लोकल सामा चामल, हरियो तरकारी, अचार, साग, दाल) | प्रति प्लेट | १५० | | |
| १७ | चिकेन खाना (वासमती /मसिनो/ लोकल सामा चामल, चिकेन,हरियो तरकारी, अचार, साग, दाल) | प्रति प्लेट | २५० | | |
| १८ | मटन खाना (वासमती/मसिनो/ लोकल सामा चामल, मटन, हरियो तरकारी, अचार, साग, दाल) | प्रति प्लेट | ३२५ | | |
| १९ | फिस खाना (वासमती मसिनो/ लोकल सामा चामल, फिस,हरियो तरकारी, अचार, साग, दाल) | प्रति प्लेट | ३०० | | |
| २० | परोठा | प्रति गोटा | ४० | | |
| २१ | सेल रोटी | प्रति गोटा | ३० | | |
| २२ | जेरी/पुरी | प्रति गोटा | १८ | | |
| २३ | समोसा चटनी | प्रति गोटा | २० | | |
| २४ | आलु चप | प्रति गोटा | २५ | | |
| २५ | भेज मःम | प्रति प्लेट | ८० | | |
| २६ | चिकेन मःम | प्रति प्लेट | ११० | | |
| २७ | मटन मःम | प्रति प्लेट | २१५ | | |
| २८ | पनिर मःम | प्रति प्लेट | १२० | | |
| २९ | मसरुम मःम | प्रति प्लेट | १२० | | |
| ३० | भेज चाउमिन | प्रति प्लेट | ५० | | |
| ३१ | चिकेन चाउमिन | प्रति प्लेट | ९० | | |
| ३२ | अन्डा चाउमिन | प्रति प्लेट | ७५ | | |
| ३३ | अमलेट | प्रति प्लेट | ३५ | | |
| ३४ | जाम ब्रेड २ पिस | प्रति प्लेट | ३३ | | |
| ३५ | फेन्टा/स्प्राइट/कोक | प्रति गोटा | ५८ | | |
| ३६ | मिनरल वाटर | प्रति वोतल | २० | | |
| ३७ | चना | प्रति प्लेट | ३३ | | |
| ३८ | छोयला चिकेन | प्रति प्लेट | १५० | | |
| ३९ | सलाद | प्रति प्लेट | ४५ | | |
| ४० | जेरी पुरी तरकारी | प्रति प्लेट | ८० | | |
| ४१ | मकै उसिनेको/पोलेको | प्रति गोटा | ० | | |
| ४२ | खिर | प्रति प्लेट | १०० | | |
| ४३ | मासु चिउरा चिकेन/मटन) | प्रति प्लेट | १४० | | |
| ४४ | गहुँको रोटी | प्रति गोटा | १० | | |
| ४५ | फापर/कोदोको रोटी | प्रति गोटा | ५० | | |
| ४६ | लस्सी | प्रति गिलास | ६० | | |
| ४७ | मिक्स फलफूल | प्रति प्लेट | ११५ | | |
| ४८ | भेज सूप | प्रति कचौरा | ९० | | |
| ४९ | ननभेज सुप | प्रति कचौरा | १०० | | |
| ५० | मसरुम सुप | प्रति कचौरा | ९० | | |
| ५१ | भेज पकोडा | प्रति प्लेट | ५० | | |
| ५२ | मिक्स अचार | प्रति प्लेट | ५० | | |

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिकाको क्यान्टिन संचालन सम्बन्धी सिलबन्दी दरभाउ पत्र प्रस्ताव फाराम

| सि.नं. | वस्तुको विवरण | प्रति इकाई | लागत मुल्य रु. | प्रस्तावित रकम | |
|---|---|---|---|---|---|
| ५३ | झोल तरकारी | प्रति कचौरा | ४५ | | |
| ५४ | खशीको भुटन | प्रति प्लेट | २२५ | | |
| ५५ | सादा थुप्पा | प्रति प्लेट | ७० | | |
| ५६ | थुप्पा अण्डा | प्रति प्लेट | ८० | | |
| ५७ | लस्सी (काजु, बदाम, केरा) | प्रति ग्लास | १०० | | |
| ५८ | पाउरोटी | प्रति पिस | १० | | |
| ५९ | डोनट | प्रति पिस | १० | | |
| ६० | स्लाइस ब्रेड | प्रति पिस | १० | | |
| ६१ | दहि चिउरा | प्रति प्लेट | ५५ | | |

प्रस्तावदाता व्यक्ति/फर्मको नामः

ठेगाना :

सम्पर्क नं :

दस्तखतः

मिति :

फर्मको छापः

प्रमुख प्रशासकीय अधिकृत